# दोभान महाकाव्यमा रसाभास

■ डा. केशवप्रसाद न्यौपाने*
kpnyaupane@gmail.com

**सार**

रससिद्धान्त पूर्वीय काव्य परम्पराको समृद्ध सिद्धान्त हो । नेपाली सर्जकका हरेक सिर्जना यस सिद्धान्तका कसीमा कसिन समर्थ छन् । भरतराज पन्त (१९८६–२०६५) ले पनि विभिन्न शीर्षकका फुटकर तथा पुस्तकाकार कृतिहरू रचना गरी नेपाली साहित्यमा घतिलो योगदान पुऱ्याएका छन् । उनका त्यस्तै कृतिहरूमध्ये *दोभान* सफल महाकाव्यकृति हो, जसमा पूर्वीय महाकाव्यको सैद्धान्तिक मान्यताअनुसार शान्त रसले अङ्गित्व ग्रहण गरेको छ । हास्य, करुण, वीर, अद्भुत, रौद्र, वात्सल्य र भक्तिरस अङ्गरसका रूपमा उपस्थित छन् । विप्रलम्भ शृङ्गार, भयानक र बीभत्स रस अनुचित वर्णनका कारण रसाभास हुन गएकाले दोभान महाकाव्यमा रसाभासको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने काम यहाँ गरिएको छ ।

**शब्दकुञ्जी** : अङ्गित्व, अनुभाव, परिपाक, महाकाव्य, रस, रसाभास, विभाव, व्यभिचारीभाव ।

## १. विषयपरिचय

रस काव्य पठन वा श्रवणबाट पाइने आह्लाद हो । यसका प्रमुख नौ भेद छन् । काव्यको प्रमुख रसलाई अङ्गी रस भनिन्छ । अङ्ग रसले अङ्गी रसकै उपकारक बनेर काव्योत्कर्ष बढाउँछन् । शान्त रस दोभान महाकाव्यको अङ्गरस हो । यस काव्यमा संयोग (सम्भोग) शृङ्गार, हास्य, करुण, वीर, अद्भुत, रौद्र, वात्सल्य र भक्तिरसले अङ्गत्व ग्रहण गरेका छन् तर रसको अनुचित वर्णन रसाभास हुने र रसाभास पनि रसकै समकक्षी हुने मान्यताअनुसार दोभान महाकाव्यको पूर्वाध्ययनलाई हेर्दा प्रस्तुत महाकाव्यमा अङ्गी र अङ्गरसको विश्लेषण भएको छ तर रसाभासको अध्ययन विश्लेषण भएको देखिँदैन त्यसैले उक्त महाकाव्यमा प्रयुक्त रसाभासको अध्ययन विश्लेषण गर्ने काम यस अध्ययनमा गरिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

दोभान महाकाव्यमा रसाभास शीर्षकअन्तर्गत दोभान महाकाव्यको अध्ययन विश्लेषण गर्न प्राथमिक

* न्यौपाने नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौंमा प्राध्यापनरत हुनुहुन्छ ।

स्रोतको सामग्रीका रूपमा सोही काव्यलाई लिइएको छ । विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक ग्रन्थहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ। यी सबै सामग्रीहरू पुस्तकालय विधिद्वारा सङ्कलित छन् । उपलब्ध यिनै सामग्रीलाई आधार मानी वर्णनात्मक र विश्लेषणात्मक विधिले दोभान महाकाव्यमा रसाभासको स्थिति पहिल्याउने र विश्लेषण गर्ने काम यहाँ भएको छ।

## २.१ रसाभास

संस्कृत काव्यशास्त्रीय परम्परामा रसको चर्चासँगै रसाभासको चर्चाले पनि महत्त्व पाएको छ । काव्यनाट्यादिमा अनुचित रूपले वर्णित रसलाई रसाभास भनिन्छ (आनन्दवर्धन, सन् २०१३, पृ. ८४) । गुरुजनजस्ता पूज्य व्यक्तिका सन्दर्भमा भएको हास्यको प्रयोगलाई आनन्दवर्धनले रसाभास मानेको पाइन्छ । आनन्दवर्धनको धारणासँग सहमत हुँदै मम्मट पनि एक स्त्रीबाट अनेक पुरुषप्रति गरिने प्रेमको वर्णनलाई अनुचित मान्छन् र त्यो अवस्था शृङ्गार रसाभास हुने निष्कर्षमा पुग्छन् (मम्मट, सन् २००८, पृ. १४१) । पण्डितराज जगन्नाथले पनि अनुचित आलम्बनलाई रसाभास मानेका छन् (जगन्नाथ, सन् २०१२, पृ. ३६५)। यी धारणाहरू हेर्दा रसाभासबारे पूर्वाचार्यहरूको मत समान देखिन्छ। शिष्यद्वारा गुरुपत्नी आदि पूज्य विभावप्रति दर्साइने प्रेम वा त्यस्तै किसिमका अयोग्य विभावादिको वर्णन रसाभास हुने निष्कर्ष निस्कन्छ।

रसाभासको चर्चाका क्रममा त्यसका विभिन्न भेदहरूको समेत उल्लेख भएको छ। आचार्य विश्वनाथका अनुसार नायकका अतिरिक्त अन्य पुरुषसँग नायिकाको रतिरागको वर्णन भएमा, गुरुपत्नी, भगिनी वा मान्यजनप्रति, प्रतिनायक वा नायकका शत्रुप्रति वा नीच पात्रप्रति रतिरागको वर्णन गरिएमा शृङ्गार रसमा अनौचित्य हुने कारणले शृङ्गार रसाभास हुन्छ (विश्वनाथ, सन् १९७७, पृ. १२६) । त्यस्तै पशुपक्षीप्रतिको रतिलाई पनि शृङ्गार रसाभास नै भनिन्छ त्यसैले रसाभासका बारेमा प्रायः सबै आचार्यहरूको धारणा समान छ।

विश्वनाथका अनुसार मान्यजनप्रति क्रोधको वर्णन भए रौद्र रसाभास, मान्यजनलाई आलम्बन बनाएर गरिएको हास्यको वर्णनमा हास्य रसाभास, नीच प्रकृतिका पात्रमा उत्साहको वर्णन भए वीर रसाभास, उत्तम पात्रमै भयभावको वर्णन गरिए वा उत्तम प्रकृतिका पात्र डराएको वर्णन भए भयानक रसाभास, नीच प्रकृतिका पात्रमा शम वा शान्तिको आभास भएको वर्णनमा शान्त रसाभास हुन्छ (विश्वनाथ, सन् १९७७, पृ. १२७) । यज्ञीय पशुको मांस, मज्जा, शोणित आदिको वर्णन भए बीभत्स रसाभास, कलहकारी वा कुपुत्रका विषयमा र विरक्त पुरुष आदि आश्रयमा शोक स्थायीभावको वर्णन भए करुण रसाभास हुन्छ भने ऐन्द्रजालिक विषयमा विस्मय स्थायी भावको वर्णन भए त्यो पनि अद्‌भुत रसाभास हुन्छ (जगन्नाथ, सन् २०१२, पृ. ३७५) । काव्यमा गरिने यस्तो वर्णन वा असान्दर्भिक वर्णन रसाभास मानिन्छ।

रसाभासका बारेमा भएका उपर्युक्त चिन्तनलाई हेर्दा अनौचित्य वर्णनलाई रसाभास मानेको देखिन्छ।

यस चिन्तनले काव्य सिर्जनामा काव्यकार सजग हुनुपर्ने र औचित्यपूर्ण वर्णन काव्यका निम्ति शोभनीय हुने धारणा पूर्वीय चिन्तकहरूको छ ।

## ३. दोभान महाकाव्यमा रसाभास

दोभान शान्तरसप्रधान महाकाव्य हो । यसमा सम्भोग शृङ्गार, हास्य, वीर, अद्भुत, रौद्र र करुण रसले अङ्गरसका रूपमा उपस्थिति जनाएका छन् । यस सन्दर्भमा विप्रलम्भ शृङ्गार, भयानक र बीभत्स रस रसाभासका रूपमा उपस्थित छन् । रसाभासको विश्लेषणका लागि समग्र काव्यको सारवस्तु हेर्नुपर्ने हुनाले २१ सर्गमा संरचित दोभानको सारवस्तुलाई यहाँ प्रस्तुत गरिएको छ ।

दोभान महाकाव्यको पहिलो सर्ग 'अभ्युत्थान' मा शारदादेवीको वन्दनासँगै काव्यारम्भ हुन्छ । ७३ श्लोकमा संरचित यस सर्गमा काव्यनायक कवि स्वयं भएको पुष्टि पाइन्छ । यसमा नायकका जीवनमा उद्बुद्ध अनेकौं जटिल परिस्थितिको बीजारोपण भएको छ । यस सर्गमा करुण, शान्त र अद्भुत रसका भावहरू पाइन्छन् । दोस्रो 'पितृत्व' सर्गका ५४ श्लोकमा वात्सल्य, रति र शोकभाव पाइन्छ । तेस्रो 'शैशव' शीर्षकका ५२ श्लोकमा ९० सालमा आएको विनाशकारी भूकम्पले सिर्जिएको समस्या र कविमा परेको प्रभाव कथन गरिएको छ । चौथो सर्ग 'बलिदान' शीर्षकअन्तर्गत ६० श्लोक छन् । यी श्लोकमा २००७ सालको प्रजातन्त्र प्राप्तिका लागि आत्मोत्सर्ग गर्ने सपुतहरूको स्मरण गरिएको छ । यहाँ उत्साह र शोकभावको उपस्थिति पाइन्छ । पाँचौं 'वैधव्य' शीर्षकको सर्गमा ६२ श्लोक छन् । यहाँ शान्तरस सम्बद्ध शम भावको समेत उपस्थिति देखिन्छ । छैटौं 'विवाह' सर्गमा ६५ श्लोक छन् । यस सर्गमा सांस्कृतिक सौन्दर्य समेटिएको छ । सातौं 'अभिशाप' शीर्षक सर्गका ६१ श्लोकमा रतिभाव र शोक भाव प्रकट भएको छ । आठौं 'शोकस्मृति' शीर्षकका १०० श्लोकमा शोक भावले परिपाक प्राप्त गरेको छ । नवौं 'यौवन' शीर्षकका ७१ श्लोकमा उत्साह भाव पाइन्छ । दसौं 'साधना' शीर्षकका ८८ श्लोकमा जीवनमा साधनाको महत्त्वलाई उजागर गर्ने प्रयास भएको छ । एघारौं 'जागरण' सर्गका ६८ श्लोकमा कविको सर्वोच्चता स्विकारिएको छ । प्राकृतिक सौन्दर्य र शोषकीय प्रवृत्तिको अन्त गर्ने कथनसँगै एघारौं सर्ग र काव्यको पूर्वार्ध भाग पूरा हुन्छ ।

बाह्रौं सर्ग 'संस्मरण' बाट प्रस्तुत महाकाव्यको उत्तरार्ध चरण सुरु हुन्छ । यसका ६९ श्लोकमा विप्रलम्भ शृङ्गार रसाभासको अवस्था छ । यसैमा कविको विगत स्मरणले काव्य साधनामा सहयोग पुऱ्याएको छ । तेह्रौं सर्ग 'संस्कृति' शीर्षकका ५५ श्लोकमा राष्ट्रिय संस्कृति, सौन्दर्य र स्रष्टाहरूको महिमा गान गरिएको छ । चौधौं 'वात्सल्य' शीर्षकका ५६ श्लोकमा सत्यम्, शिवम्, सुन्दरम्को कल्पनासँगै आडम्बरीपनप्रति आक्रोश व्यक्त गरिएको छ । पन्ध्रौं 'स्वतन्त्रता' शीर्षक सर्गका ५२ श्लोकमा स्वदेशको समृद्धिको चाहना गरिएको छ । सोह्रौं 'विडम्बना' शीर्षकका १५७ श्लोकमा विडम्बनायुक्त सामाजिक व्यवहारको प्रसङ्ग छ । सत्रौं 'विवशता' शीर्षकका ६९ श्लोकमा कविजीवनका आरोह अवरोह समेटिएका छन् । यसैबिच साहित्यको सहारामा शान्ति अनुभव हुने भाव व्यक्त गरिएको

छ । अठारौँ ‘विक्षिप्त तपसी’ शीर्षकका ८४ श्लोकमा शरदागमन, दसैँको प्रसङ्ग, तिहारको उमङ्ग र बलिपूजाप्रतिको असहमति प्रस्तुत गरिएको छ । उन्नाइसौँ ‘कथाभित्रको कवि’ शीर्षकका ८४ श्लोकमा कविले भोग्नुपरेको विवशता, सामाजिक बेथिति, सांसारिक नश्वरताजस्ता विविध पक्षलाई समेटी शान्तरसलाई परिपाकको अवस्थामा पुऱ्याउने चेष्टा भएको छ। बिसौँ सर्ग ‘कविभित्रको कथा’ का ८६ श्लोकमा कविजीवनको यथार्थ र युगबोधको भाव व्यक्त भएको छ भने अन्तिम एक्काइसौँ ‘हिमालय’ शीर्षक सर्गका ८७ श्लोकमा हिमाली सौन्दर्यको वर्णन गर्दै कवि काव्यानन्दमा निमग्न भएको भाव व्यक्त गरिएको छ । यहाँ सांसारिकताबाट कविमन पूर्णतः निवृत्त भएको देखिन्छ र शान्तरसलाई परिपाकमा पुऱ्याउने कामले पूर्णता पाएको छ ।दोभान महाकाव्यका २१ सर्ग र १५५४ श्लोकमा नायकको शैशवावस्थादेखि जीवनका विविध आरोहावरोह समेटिएका छन् । प्रसङ्गानुसार भक्ति, वात्सल्य र साहित्यिक नवरसका स्थायी भावहरू परिपुष्टावस्थामा पुगेका छन् । यस काव्यको निर्वेद भावले चर्वणावस्था प्राप्त गरेको छ । बाँकी रस अङ्ग रसका रूपमा रहेका छन् भने विप्रलम्भ शृङ्गार, बीभत्स र भयानक रस रसाभासको अवस्थामा छन् जसको विश्लेषण क्रमशः गरिएको छ ।

### ३.१ शृङ्गार रसाभास

बाह्रौँ सर्ग ‘संस्मरण’ मा कविमन आनन्दमग्न छ । पहाडबाट आएकी युवतीको रूप माधुर्यमा मग्न कवि नवयुवतीका हावभावप्रति आकर्षित छन् । किशोरीका कारणबाट कविमनमा रति भाव जागृत भएको छ । यस सन्दर्भमा नवयुवती कविका निम्ति विषयालम्बन विभाव हुन् । कवि स्वयं आश्रय हुन् । प्रस्तुत सर्गमा कवि किशोरीको वर्णन यसरी गर्छन् :

म पनि ‘सुन तिमी’ भनी बुझाई<br>
कविहरूका रसिला कथा सुनाई ।<br>
सँग रहन रुचाउथेँ त्यसैले<br>
प्रणय परस्पर बाँधियो क्रमैले ॥ (१२/१७)

यहाँ कविलाई किशोरीको व्यवहारले प्रेरित तुल्याएको छ । कवि किशोरीसँगको सान्निध्यमा रम्न चाहन्छन् । किशोरीको घर सिँगार्न सिपालुपन, प्रणयी भावना, मिठो बोली, मधुर मुस्कान आदिका कारण कविमा रतिभाव जागृत भएकाले युवती यस प्रसङ्गमा विषयालम्बन विभाव हुन् । किशोरीलाई विषय बनाएर कविमा अन्तर्निहित रतिभाव जागृत भएकाले कवि आश्रयका रूपमा उपस्थित छन् । किशोरीले दयापूर्वक गर्ने व्यवहार, उनको कसिलो जिउडाल, घरको काम सकेर कविको कविता सुन्न नजिकिने व्यवहार आदि उद्दीपनका रूपमा उपस्थित छन् । किशोरीका लामकोसे नयन, उज्ज्वल मुख र लामचोसे मुख, अनारदानासरिका दन्तलहर आदि उद्दीपन विभाव हुन् ।

कविहृदय सिँगारिएको अनुभूति सात्त्विक र किशोरीको दयामयी बोलीवचन वाचिक अनुभाव हो ।

त्यस्तै कविको किशोरीसँग रम्न तयार भएको अवस्था आहार्य अनुभाव हो भने स्मृति, रोमाञ्च, हर्ष आदि व्यभिचार भावका रूपमा उपस्थित छन् । ती किशोरी अब पहाडमै फर्कने भएकाले यहाँ विप्रलम्भ रति प्रकट भएको छ । यसो भएर पनि कवि र किशोरी दाजुबहिनीका रूपमा सामाजिक मर्यादा कायम राखी बसेकाले र बिछोडिएको अवस्था वर्णित भएकाले विप्रलम्भ रतिको अनुचित वर्णन भएका सन्दर्भमा यहाँ विप्रलम्भ शृङ्गार रस नभई रसाभासको स्थिति देखिएको छ । त्यसैले दोभान महाकाव्यमा शृङ्गार रसाभासको अवस्था पुष्टि हुन्छ ।

### ३.२ भयानक रसाभास

भरतको मान्यताअनुसार बीभत्सरसबाट भयानकरस निष्पन्न हुने देखिन्छ । यस रसको स्थायीभाव 'भय' हो । भरतको मान्यताअनुसार बीभत्सरसबाट भयानक रस निष्पत्ति हुन्छ । भयावह वस्तु, विषय वा सन्दर्भले त्रासद स्थिति निष्पन्न गराएर 'भय' स्थायीभावलाई उद्‌बुद्ध तुल्याउँछ । दोभान महाकाव्यमा अन्य रसले झैँ भयानकरसले पनि उपस्थिति जनाएको छ तर काव्यनायकमा भय देखिएकाले यस प्रसङ्गलाई भयानक रसाभास मानी विश्लेषण गरिएको हो । दोभान महाकाव्य पूर्वार्धको तेस्रो 'शैशव' सर्गको भूकम्पवर्णनमा भयानक रसाभासको अवस्था दोभान महाकाव्यकै श्लोक उद्धरण गरी विश्लेषण गरिएको छ :

आँखा चिम्लेँ च्याप्प लाग्दा बुबाले
हा हा हू हू हूलले गर्न थाले
तत्कालैमा भूतलै डग्मगायो
बोली निस्क्यो लौन ! भूकम्प आयो !! (३/३६)

'शैशव' सर्गबाट उद्‌धृत यस उद्‌गारमा प्रथम पुरुष कथयिताले ९० सालमा आएका भूकम्पको स्मरण गरेका छन् । यस प्रसङ्गमा कथयिता कवि स्वयं आश्रय र भूकम्पले निम्त्याएको भयावह स्थिति विषय बनेको छ । 'गाड्राङ गुड्रुङ र ग्वार्र' को आवाज आउनु, घर भत्किनु, मानिस घरभित्रै थुनिनु आदि यहाँ उद्दीपन विभाव, अनुहारमा मलिनता छाउनु, खुट्टा लरबराउनु, झ्यालबाट हामफाल्नु, डर लाग्नु, मुख सुक्नु, मुटुको ढुकढुकी बढ्नु, रुनु, कराउनु, हामफाल्दा लुगा झन्डा जस्तो फरफराउनु, पसिना आउनु आदि अनुभाव हुन् । आत्तिएर पसिना आएका अवस्थामा स्वेद, भूकम्पको भयबाट उत्पन्न अशान्तिमा शङ्का, दैवी प्रकोपरूपी विपत्तिबाट हुने विकलतामा मोह, भूकम्पको त्रासले सिर्जना भएको मनस्तापबाट दैन्य र भूकम्पकै कारण उत्पन्न भयबाट त्रास आदि भाव व्यभिचारी भावका रूपमा आएका छन् । यी उपकरणले भूकम्पका सन्दर्भमा उद्‌बुद्ध भय स्थायीभावलाई भयानक रसमा परिणत गरेका छन् तर त्यो भय नायकमै भएकाले यसलाई रसको अभिव्यक्ति नभनी रसाभासका रूपमा लिइएको हो ।भयानक रसको अनुचित वर्णनकै क्रममा प्रस्तुत महाकाव्यका उत्तरार्ध भागको अठारौँ 'विक्षिप्त तपसी' सर्गमा कवि कविता लेखिसकेर शान्त मुद्रामा बसेका छन् । गर्मी याम

आएको छ। धरतीमा ताप बढेर नदीनाला र झरनाहरू सुक्न थालेका छन्। शीतलको खोजीमा कवि जङ्गल पस्छन्। सन्ध्या कालीन परिवेश छ। कवि हिमालका दृश्य हेर्दै उकालो लागेका छन्। हिमाली छविछायाले कविलाई भुलाएको छ। त्यही सौन्दर्यमा भुलेका कवि अँध्यारो बढ्न थालेपछि भन्छन् :

चमेराका घेरा वरिपरि धनेरा हुन गए
कुनै उल्लू पक्षी हुचिल पनि कुर्लेर सुरिए
सुनिन्थ्यो झन् चर्को खलबल कतै स्यालहरूको
यही नै धर्तीको स्थिति किन भयो आज ननिको ? (१८/९)

अठारौँ 'विक्षिप्त तपसी' सर्गमा अँध्यारो बढ्दै गएको प्रसङ्गबाट भयभाव जागृत हुन थालेको छ। शशीकलाको उदय भएको छैन। प्रलय भएझैं अन्धकार बढेको छ। अमावस्या परेकाले यसै पनि अन्धकार छाएको छ। हुरी चल्ने र वर्षा हुने भयले सताएको छ। चमेराले घेरा हाल्न थालेका छन्। उल्लु र हुचिल कराउँदै छन्। स्यालहरूको हुइयाँ बढेको छ। त्यस बेला धर्तीको परिवेश नै भयानक बनेको छ। यस स्थितिको प्रत्यक्ष महसुस कविले गरेका छन्।

यस प्रसङ्गका कवि भयानकरसका आश्रय हुन्। भयावह परिवेश विषयालम्बन विभाव हो। उल्लु, हुचिल र स्यालहरू कराउनु उद्दीपन विभाव, कविलाई डर लाग्नु, मुटुको ढुकढुकी बढ्नु आदि अनुभाव हुन्। भयभीत भएर पसिना आउनुमा स्वेद र चारैतिर अन्धकारले ढाकेका स्थितिमा अधीर हुँदा दैन्य आदि व्यभिचारी भावका रूपमा उपस्थित छन् तर कवि नै यस काव्यका नायक भएकाले र नायकमा भयभाव उत्पन्न भएकाले यो स्थिति भयानकरस नभई रसाभासको स्थितिमात्र हो। यसरी दोभान महाकाव्यमा भयानकरसले अङ्गरसका रूपमा नभई रसाभासका रूपमा आफ्नो उपस्थिति जनाएको छ।

### ३.३ बीभत्स रसाभास

भरतले प्रतिपादन गरेका मुख्य चार रसमध्ये बीभत्सरस चौथो रस हो। घृणित वस्तुको दर्शन, कथन वा श्रवणबाट प्राप्त हुने अनुभूतिलाई बीभत्सरस भनिन्छ (आप्टे, सन् २०१२, पृ. ७१८)। अठारौँ 'विक्षिप्त तपसी' सर्गमा काव्यकारका कवि दसैंको वर्णन गर्छन्। शरद् ऋतुले पृथ्वी सिँगारेकामा हर्ष प्रकट गर्छन्। साथसाथै सुख र शान्तिको सञ्चार गर्ने दसैँले विकृति पनि ल्याएको छ। जनमानसले तिनै विकृतिलाई संस्कृतिका रूपमा वरण गर्दै आएको छ तर त्यस विकृतिको अन्त हुनुपर्ने सोच राख्तै दोभान महाकाव्यको 'विक्षिप्त तपसी' सर्गमा कविले बीभत्स रसाभासलाई उपस्थित गराएका छन्, जसलाई दोभान महाकाव्यकै शिखरिणी छन्दको श्लोक उद्धरणद्वारा यसरी हेर्न सकिन्छ :

बसेकी छन् देवी जगत जननी मन्दिरबिच
तिनैका सामुन्ने पशुगण जुटाएर नगिच
गला रेटी रेटी मुटु पनि अचेटी बलसित
मजा मानी खाने कसरि पशुको मासु रगत ? (१८/६२)

महाकाव्यकार भरतराज पन्तरचित दोभानका उत्तरार्धको अठारौँ 'विक्षिप्त तपसी' सर्गको यस कथनमा नेपाली समाजमा व्याप्त बलिप्रथाले काव्यनायकलाई विक्षिप्त तुल्याएको छ । यस प्रसङ्गमा दसैँका अवसरमा देवीका मन्दिरअगाडि पुगेका कवि स्वयं आश्रयालम्बन विभावका रूपमा उपस्थित छन् । उनले देखेको निर्धा पशुको हत्या विषयालम्बन विभाव, मन्दिरका बिचमा बसेकी देवीमाता जगत्कै आमा मानिन्छिन् । तिनकै अगाडि पशुगणलाई उपस्थित गराउनु, निर्धा पशुको गलो रेट्नु, मुटु अँचेट्नु र मजा मानेर मासु खानु जस्ता कार्य उद्दीपन विभाव हुन् । यस्तो दृश्य देखेर आश्रयका अङ्ग निष्क्रिय हुनु, आँखा र मुखमा अनौठोपन देखिनु, पशुवध गरेर मासु खानु अवगुण हो भन्नु, आँखा चिम्लनु र कम्पन हुनु आदिलाई अनुभाव मान्न सकिन्छ । देवीका अगाडि भएको अन्याय देखेर टोलाएको अवस्थामा अपस्मार, अप्रिय कर्मबाट उत्पन्न सम्भ्रम वा हडबडीमा आवेग र जगन्माताका अगाडि उनकै सन्तानलाई गला अँचेटी मारेको देखेर मनमा उत्पन्न विकलतामा मोहभाव व्यभिचारी भावका रूपमा आएका छन् । यी उपकरणका माध्यमबाट बीभत्सरस निष्पन्न भएको छ तर यज्ञीय पशुको रक्त र मांसको वर्णन भएकाले यो अभिव्यक्ति रसको अभिव्यक्ति नभई रसाभासको अवस्था हो । यसरी दोभान महाकाव्यमा शान्तले अङ्गित्व र अन्य रसले अङ्गत्व ग्रहण गरे पनि विप्रलम्भ शृङ्गार, भयानक र बीभत्सरसले रसाभासका रूपमा रही शान्तरसलाई पोषण गरेका छन् ।

## ४. निष्कर्ष

महाकाव्यकार भरतराज पन्तद्वारा रचित दोभान महाकाव्यमा शान्तरसले अङ्गीरस हुने श्रेय पाएको छ । शान्तबाहेकका सम्भोग शृङ्गार, हास्य, करुण, वीर, रौद्र, अद्भुत, वात्सल्य र भक्तिरस अङ्गरसका रूपमा उपस्थित छन् । संस्कृत काव्यशास्त्रीय मान्यताअनुसार रसपरिपाकमा पुगेर पनि अनुचित वर्णनको सीमाभित्र परेका रसलाई रसका रूपमा नलिई रसाभासका रूपमा लिने गरिएको छ । अङ्गी र अङ्गबाहेकका विप्रलम्भ शृङ्गार, बीभत्स र भयानक यी तीन रस दोभान महाकाव्यमा रसरूपमा नभई रसाभासका रूपमा काव्यशोभाकारक बनेर आएका छन् ।

प्रस्तुत महाकाव्यमा विप्रलम्भ शृङ्गार, भयानक र बीभत्स रसाभासको सहज उपस्थिति छ । तेस्रो 'शैशव' सर्गको भूकम्प वर्णनमा ९० सालको विनाशकारी भूकम्पले जनमानसमा त्रास सिर्जना गरेको प्रसङ्ग उद्घाटित छ । आश्रयरूपी काव्यनायकमा भूकम्प विषयक विषयालम्बन विभाव र आवश्यक उपकरणका सहयोगले रससिद्धिको अवस्था सिर्जना भएको छ । त्यस्तै अठारौँ 'विक्षिप्त तपसी' सर्गमा देवीको पूजनोत्सव र बलि प्रथाको वर्णनमा कथयिता आश्रयालम्बन बनेका छन् । निर्धा पशुको गला रेटेर बलि चढाउने परम्परा विषयका रूपमा रही आवश्यक उपकरणको सहयोगले रस सिद्ध भएको छ तर काव्यशास्त्रीय मान्यताअनुरूप नायक-नायिकामा उत्पन्न भय र यज्ञीय पशुको रक्तमांसको वर्णन रसाभास मानिने हुनाले यहाँ विप्रलम्भ शृङ्गार, भयानक र बीभत्स अङ्गरस नभई रसाभासको अवस्थामा छन् ।

## सन्दर्भ सामग्रीसूची


आनन्दवर्द्धन, (सन् २०१३), *ध्वन्यालोक* :, (व्याख्याकार आचार्य विश्वेश्वर), (अष्टम सं.), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

आप्टे, वामनशिवराम (सम्पा.), (सन् २०१२), *संस्कृत हिन्दी कोश,* दिल्ली : नाग पब्लिसर्स ।

जगन्नाथ, (सन् २०१२), *रसगङ्गाधर* (व्याख्याकार मदन मोहन झा), वाराणसी : चौखम्बा विद्याभवन ।

पन्त, भरतराज (२०४१), *दोभान,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

भरत, (२०४६), *नाट्यशास्त्रम्,* (सम्पादिका तथा व्याख्याकर्त्री सुधा रस्तोगी), वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

मम्मट, (सन् २००८), *काव्यप्रकाश* : (व्याख्याकार आचार्य विश्वेश्वर), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

विश्वनाथ, (सन् १९७७), *साहित्यदर्पण,* (व्याख्याकार शालिग्राम शास्त्री), (नवम संस्क.), वाराणसी : मोतीलाल बनारसीदास ।